लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
(लुम्बिनी प्रदेश, नेपाल)

Mbl no.:9857824566/9857877039
Email: lungrimun@gmail.com
website:www.lungrimun.gov.np
www.facebook.com/lungrimun

## पोषण सुधारको लागि आयमुलक कार्यक्रम संचालन गर्ने प्रस्ताव पेश सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशन मितिः २०७९।०३।०२

यस कार्यालयको आ.व. २०७८/०७९ को बहुक्षेत्रिय पोषण अन्तरगत रु ६२५०००/- (अक्षेरुपी छ लाख पच्चीस हजार मात्र) शसर्त कार्यक्रमबाट महिला, बालबालिका तथा किशोरीहरुमा विद्यमान रहेको कुपोषणलाई दिगो विकास लक्ष्य अनुरुप घटाउने लक्ष्य लिई कुपोषणको समस्यालाई समाधान गर्न र यसका विभिन्न कारक तत्वहरुलाई बहुपक्षीय पोषण अवधारणा अनुसार निराकरण गर्न विपन्न समुदायको महिला सहकारी वा समूहहरुलाई आयमुलक कार्यक्रम संचालन गर्न शुरुवाती अनुदान वितरण कार्यक्रम भएको हुँदा इच्छुक महिला सहकारी एवम समूहले तपशिल बमोजिमको कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तोकीएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१.निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२.तोकीएको ढाचाँमा कार्यक्रमको प्रस्तावना। (प्रस्तावको ढाँचा www.lungrimun.gov.np मा सुचना संगै संलग्न छ)

३. समूह एवम संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि।

४. सहकारीको हकमा गत आ.व.को करचुक्ता प्रमाणपत्र र लेखापरिक्षण प्रतिवेदन।

५. समुह एवम सहकारीको बैठकको निर्णय प्रतिलिपि।

६. कालोसुचीमा नपरेको र कुनैपनि सरकारी निकायबाट अनुदान नलिएको स्व-घोषणा पत्र।

.................................

बद्री प्रसाद शर्मा वास्ले

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन।